बागमती प्रदेश सरकार

# स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

मा.गिर बहादुर तामाङ
मन्त्री

## शुभकामना

**"ज्ञान, विज्ञान, सीप, उद्धम र मौलिकता: साझेदारी र प्रणालीगत सक्षमता"** भन्ने आदर्श वाक्यका साथ वि सं २०८३ असोज २ गतेका दिन मनाउन लागिएको राष्ट्रिय शिक्षा दिवसको सुखद अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाप्रेमी एवम् सबै सरोकारवालाहरुमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

शिक्षा पूर्वाधारहरुको पनि पूर्वाधार हो । सामाजिक रूपान्तरण र राष्ट्रिय समृद्धिको प्रमुख मेरुदण्ड हो। प्रत्येक नागरिकको शिक्षामा समान्यायिक पहुँच र समावेशिता सुनिश्चित गर्न प्रदेश सरकारले विद्यालयहरूको भौतिक पूर्वाधार विकास, शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि, प्राविधिक शिक्षाको विस्तार र अपाङ्गता भएका एवम् विपन्न वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच सम्बन्धी विभिन्न गौरवका आयोजना र कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । विद्यालयहरुको भौतिक सुधार र आधुनिक पूर्वाधार विकासमा ठुलो लगानी गरिरहेको छ ।

हामीले यस वर्ष शिक्षा क्षेत्रमा अझ बढी मानवीय र संवेदनशील कदम चालेका छौं । राज्यको संरक्षकत्व आवश्यक भएका आमाबाबुविहिन बालबालिकाहरूका लागि पूर्ण नि:शुल्क आवाससहितको गुणस्तरीय शिक्षा प्रदान गर्ने नीतिलाई हामीले प्राथमिकताका साथ अघि बढाएका छौं। परम्परागत कक्षाकोठाहरूलाई डिजिटल र अपाङ्गतामैत्री बनाउँदै लैजाने, आधुनिक प्रयोगशाला र पुस्तकालयको व्यवस्था गर्ने तथा दुर्गम क्षेत्रका विद्यालयहरूको स्तरोन्नति गर्ने कार्यमार्फत गुणस्तर अभिवृद्धि र शैक्षिक सुशासन प्रवर्द्धन गर्न प्रतिवद्ध छौं ।

यस गौरवमय दिवसले हामी सबैलाई सामूहिक दायित्व बोध गराउँदै शिक्षाको गुणस्तर सुधारमा थप ऊर्जा प्रदान गरोस् भन्ने कामना सहित समृद्ध प्रदेश र सुखी नागरिकको सङ्कल्प पूरा गर्न यहाँहरू सबैको निरन्तर साथ र रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

वि.सं.२०८३ असोज, ०२ गते
ने.सं. ११४६ ञंलाथ्व पसमी

..............................

गिर बहादुर तामाङ
मन्त्री